# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८१ पुस १६ गतेका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 2 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रत्येक वर्ष माघ १४ गते सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस मनाउन स्वीकृति दिने। |
| 3 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| 4 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | फिलिपिन्समा आयोजना हुने Face to Face Meeting मा २०८१ साल पुस २८ देखि माघ २ गतेसम्म नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीको नेतृत्वमा रहेको १३ सदस्यीय नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 5 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | पाँचखाल विशेष आर्थिक क्षेत्रलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर सार्वजनिक निजी साझेदारी (PPP) मोडलमा विकास तथा सञ्चालन गर्न स्वीकृति दिने। |
| 6 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विशेष आर्थिक क्षेत्र प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा श्री छत्र बहादुर कटुवाल, बाजुरालाई नियुक्त गर्ने। |
| 7 | गृह मन्त्रालय | आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने आदेश जारी गर्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| 8 | गृह मन्त्रालय | नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक श्री टेक बहादुर तामाङलाई काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, काठमाडौंमा सरूवा गर्ने। |
| 9 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको बाजुरा जिल्ला बुढीगंगा नगरपालिका वडा नं. ६ को १७२५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा बुढीगंगा नगरपालिकाको प्रशासकीय भवन निर्माणार्थ बुढीगंगा नगरपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| 10 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | जिल्ला समन्वय समिति कैलालीको नाममा दर्ता रहेको धनगढी उपमहानगरपालिका वडा नं. १ को २७१८ वर्गमिटर जग्गा स्थानीय आपतकालीन कार्य संचालन केन्द्र स्थापनाका लागि धनगढी उपमहानगरपालिका, कैलालीलाई उपयोग गर्न स्वीकृति दिने। |
| 11 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | हिल्सा-सिमिकोट सडकको सल्लिसल्ला-सिमिकोट खण्डको कडा चट्टान रहेको ८०० मिटर लम्बाईको सडक निर्माण र चुवा खोलामा वेली वृज निर्माणको कार्य नेपाली सेनाबाट गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| 12 | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्षमा श्री ध्रुव आचार्य, रुपन्देहीलाई नियुक्त गर्ने। |
| 13 | वन तथा वातावरण मन्त्रालय | अप्पर देउमाई खोला साना जलविद्युत आयोजना निर्माणको लागि इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका तथा देउमाई नगरपालिकामा रहेको राष्ट्रिय वनको ४.८२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 14 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कानेपोखरी गाउँपालिका मोरङको केन्द्र वडा नं. ६ बयरवनलाई परिवर्तन गरी वडा नं. ५ भौंसाबारी कायम गर्ने। |
| 15 | खानेपानी तथा सरसफाइ नियमावली, २०८१ स्वीकृत गर्ने। | |
| 16 | निकासी पैठारीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| 17 | राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| 18 | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ स्वीकृत गर्ने। | |
| 19 | ऊर्जा विकास मार्गचित्र, २०८१ स्वीकृत गर्ने। | |
| 20 | वाणिज्य नीति, २०८१ स्वीकृत गर्ने। | |